मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २५० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ११ गते शुक्रबार (Friday, 26 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आठ करोडको जडीबुटी निर्यात

**झापा, साउन १०।** पूर्वीनाका काँकरभिट्टाबाट आर्थिक वर्ष २०८०/०८१ मा रु आठ करोड १० लाख १४ हजार बराबरको जडीबुटी निर्यात भएको छ।

काँकरभिट्टास्थित क्वारेन्टिन कार्यालयका अनुसार चिराइतो, रिट्ठा, मजिठो, चुत्रोको बोक्रा, अमला, सतिबयरलगायत वनजन्य उत्पादन निर्यात भएको हो। उक्त आवमा रु. चार करोड ८० लाख ६० हजार बराबरको एक सय ६० मेट्रिक टन चिराइतो निर्यात भएको छ। ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथम,

(बाँकी अन्तिम पृष्ठमा)

## जग्गा विवादमा झडप ११ जना घाइते

**झापा, साउन १० ।** झापाको बाह्रदशी गाउँपालिकामा जग्गाको बिषयमा भएको बिवादमा दुवै पक्षबीच झडप हुँदा ११ जना घाइते भएका छन्।

बाह्रदशी -३ स्थित राधानगरमा सोही ठाउँ बस्ने पर्शुराम साह र रेखानन्द साहबीच जग्गाको विषयमा विवाद हुँदा दुबै पक्ष बाँस, लाठी र घरेलु हतियारसहित झडपमा उत्रिएका थिए। रेखानन्द साहले खेती जोताउन ट्याक्टर ल्याएको र पर्शुराम साहले रोक्न खोज्दा दुवै पक्षबीच झडप भएको प्रहरीले जनाएको छ।

झडपमा परी बाह्रदशी -३ बस्ने बर्ष ३० वर्षीय अजयकुमार साहको टाउकोमा चोट, सोही ठाउँका ४० वर्षीय नितानन्द साहको टाउकोमा चोट, ४० वर्षीय रेखानन्द साहको अनुहारमा चोट, ३६ वर्षीया चाँदनी साहको शरीरको भित्री भागमा चोट लागेको छ।

त्यस्तै सोही ठाउँ निवासी ५६ वर्षीया पद्मादेवी साहको शरीरको भित्री भागमा चोट, ८० वर्षीय बिष्णुप्रसाद साहको टाउकोमा चोट, २२ वर्षीय महानन्द साहको शरीरको भित्री भागमा चोट, पर्शुराम साहका छोरा बर्ष १६ का सञ्जीब साहको शरीरको भित्री भागमा चोट, ५४ का पर्शुराम साहको टाउकोमा चोट, १७ वर्षीय बिवेक साहको शरीरमा चोट र ५४वर्षीय मुनाखरी साहको शरीरको विभिन्न भागमा भित्री चोट लागेको छ। उनीहरुलाई बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ।

ऐलानी जग्गाको विषयमा दुवै साह परिवारबीच विवाद रहँदै आएको छ। दुवै पक्षलाई विहीवार छलफलका लागि इलाका प्रहरी कार्यालय राजगढमा बोलाइएकोमा छलफलमा नआई उनीहरु झडपमा उत्रिएको प्रहरी नायव निरीक्षक राजेन्द्र शर्माले बताए। उनले झडपलाई साम्य बनाई घाइतेहरुलाई उपचारका लागि एम्बुलेन्समा हालेर बिर्तामोडतर्फ पठाइको जानकारी दिए। ऐलानी जग्गाको विषयमा दुवै परिवारबीचको विवादलाई धेरै पटक मिलाउन प्रयास गरिएको तर, मिलाउन नसकिएको वडाध्यक्ष टंक साहले बताए।

### कोशीमा अपराध नियन्त्रण गर्न प्रहरी सफल

# डीएसपीसहित ३१२ प्रहरी कारबाहीमा

■ नरेन्द्र ढकाल

**बिर्तामोड, साउन १०।** झापासहित कोशी प्रदेशका १४ जिल्लामा अपराध नियन्त्रणका लागि पछिल्लो एक वर्षमा प्रहरीले उल्लेख्य भूमिका खेलेको पाइएको छ।

प्रहरीले अपराध गरेर फरार रहेकाहरुलाई पक्राउ गर्दै कानूनको दायरामा ल्याएको छ। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले अपराध अनुसन्धानमा पाएको सफलतालाई विभिन्न १० बुँदामा समेटेको छ। प्रहरीले सार्वजानिक गरेको तथ्याङ्क अनुसार पूर्वका विभिन्न जिल्लामा अपराधमा संलग्नहरुलाई कानूनी दायरामा ल्याउन सफल भएको हो।

२०८१ बैशाख २५ गते झापाको बिर्तामोड -४ स्थित शिवनगर टोलमा आफ्नो घरमा एक्लै बस्दै आएकी ६७ वर्षीय विष्णुकुमारी बिष्टको हत्या गरी सुनका गरगहना लुटपाट गरी फरार भएका बिर्तामोड -४ का २२ वर्षीय गंगाप्रसाद राजवंशीसहित पाँच जनालाई लामो अनुसन्धानपछि पक्राउ गर्न सफल भयो।

त्यस्तै मोरङको पथरी-शनिश्चरे नगरपालिका -७ लामाटोलीमा २०८० साल फागुन २१ गते दाजुको घरमा बस्दै आएकी खोटाङको ऐसेलुखर्क गाउँपालिका -६ की १५ वर्षीया ज्ञानमती राईलाई धारिलो हतियार प्रहार गरी हत्या गर्ने मोरङको ग्रामथान गाउँपालिका -४ का ३८ वर्षीय धिरेनकुमार खाँ चौधरीलाई प्रहरीले पक्राउ गर्न सफल



वार्षिक प्रगति सार्वजनिक गर्दै प्रदेश प्रहरी

भएको प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले जानकारी दिए।

कोशी प्रदेशमा भएका सफल अनुसन्धानलाई उत्कृष्ट अनुसन्धानका रुपमा लिएर पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको विवरणमा मोरङको विराटनगर महानगरपालिका -५ बस्ने रत्न चौधरीका छोरा २८ वर्षीय रोहित चौधरीलाई गोली प्रहार गरी हत्या गर्ने छ जनालाई सिल्भर कलरको पेस्तोल एकथान, सोही पेस्तोलमा फिट गरिएको म्यागजिन दुई थान, गोली नौ राउण्ड, कालो झोला पाँच थानसहित पाँच जनालाई पक्राउ गर्न सफल भएको प्रहरीले जनाएको छ। यो घटना २०८० साल साउन ५ गते भएको हो।

त्यस्तै २०८० भदौ २२ गते सुनसरीबाट चोरी, लुटपाट नियन्त्रण अपरेशनका लागि खटिएको सादा पोशाकको प्रहरीको टोलीमाथि कुटपिट गर्ने चार जनालाई पक्राउ गरी कानूनी कारवाहीमा ल्याइएको प्रहरीले जनाएको छ। उनीहरुलाई संगठित अपराध तथा डाका मुद्दामा कारवाही अगाडि बढाइएको थियो।

त्यस्तै झापाको दमक -१ स्थित कुमाल चोकमा मादक पदार्थ सेवन गरी विवाद हुँदा दमक- ७ बस्ने २२ वर्षका सनम राईले धारिलो हतियार प्रहार गर्दा इलामको चुलाचुली -३ का ३८ वर्षीय गोविन्द लिम्बूको हत्या गरेका थिए। हत्यामा संलग्न राईसहित आठ जनालाई प्रहरीले पक्राउ गर्न सफल भएको हो। यो घटना २०८० साल असोज १२ गतेको हो। त्यस्तै प्रहरीले सुनसरीमा २०८० माघ २८ गते पश्चिमबाट पूर्वतर्फ आउँदै गरेका मोहम्मद सैयाद साफीले चलाएको बिआर ११ एक्स ३४२९ नम्बरको स्कारपियो गाडीमा शंकास्पद अवस्थामा रहेको एक हजार दरको नक्कली नोट १८ हजार दुई सय ५१ थान फेला पारेको थियो। उक्त घटनामा अनुसन्धानका क्रममा अन्य चार जनालाई समेत पक्राउ गरिएको कोशी प्रदेशका प्रमुख खापुङले बताए।

त्यस्तै २०८० कात्तिक ३ गते भोजपुरको आमचोक गाउँपालिकामा जबरजस्ती करणीपछि हत्या गरेको आरोपमा एक जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा सोही स्थानका २० वर्षीय दीपचन्द्र राई रहेका छन्। उनले देवचन्द्र राईकी सात वर्षीया छोरी आकृतिको बलात्कारपछि हत्या गरी शवलाई जंगलमा लगेर गाडेका थिए।

प्रहरीले सुनसरीको इटहरी -६ बाट सहकारी ठगीमा संलग्नलाई २०८० साल मंसीर ७ गते पक्राउ गऱ्यो। अम्बेकोशी बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालकले ४७ करोड सात लाख ६६ हजार चार सय ५९ रुपैयाँ हिनामिना तथा अपचलन गरेको हुँदा अध्यक्ष तथा सञ्चालक फडिन्द्र पूर्वछानेलाई पक्राउ गरी कानूनी दायरामा ल्याइएको प्रहरीले जनाएको छ।

त्यस्तै २०८० चैत ७ गते सुनसरीको धरान उपमहानगरपालिका -१८ मा हत्यामा संलग्न एक जनालाई पक्राउ गर्न सफल भएको प्रहरीले जनाएको छ। धरान -१६ कि २० वर्षीया समुना श्रेष्ठ मृत अवस्थामा फेला परेपछि प्रहरीले सुक्ष्म रुपमा अनुसन्धान अघि बढाएको थियो। सोही क्रममा उनका प्रेमी १९ वर्षीय सविन भनिने बाबुराम भुजेललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले धनकुटाको भेडेटारबाट २०८० फागुन २ गते ठूलो परिमाणमा लुकाइछिपाई ल्याउँदै गरेको अवस्थामा लागूऔषध बरामद गर्न सफल भयो। धनकुटाको साँघुरीगढी गाउँपालिका- ६ भेडेटार चोकबाट को १ ख ७३२२ नम्बरको डिजेल-पेट्रोल बोक्ने ट्याङ्करभित्र लुकाइछिपाइ राखेको अवस्थामा पाँच सय ९४ केजी गाँजासहित तीन जनालाई पक्राउ गर्न सफल भयो।

प्रहरीले कोशीका १४ जिल्लामा भएका अपराधका सफल अनुसन्धानलाई बुँदागत रुपमा प्रस्तुत गरेको हो। विगत तीन वर्षमा कोशी प्रदेशमा अपराधका घटना बढेको पाइएको छ। सामाजिक अपराध अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा एक हजार पाँच सय ७४ वटा उजुरी दर्ता भएका थिए भने एक हजार पाँच सय ५४ जनाले आत्माहत्या गर्नुका साथै लागूऔषधमा एक हजार ३९, यस्तै बैंकिङ्ग कसूर मुद्दामा एक हजार चार जना, चोरी तथा डाँका मुद्दामा सात सय ५३, जबरजस्ती करणी पाँच सय १७, ठगीमा दुई सय ८५ र कर्तव्य ज्यान मुद्दामा एक

(बाँकी अन्तिम पृष्ठमा)

## मेनपावर व्यवसायी मृत भेटिए



**झापा, साउन १०।** २५ जना युवालाई भारत हुँदै डेनमार्क पठाउने भन्दै बिराटनगर लिएर पुगेका एक मेनपाावर व्यवसायी होटलमा मृत फेला परेका छन्।

सुनसरीको इनरुवा नगरपालिका- ८ का २८ वर्षीय राजीव फुयाँल विराटनगर- ११ मा रहेको होटेलको कोठामा झुण्डिएको अवस्थामा मृत फेला परेका हुन्।

डेनमार्क जान आएका युवाहरू विराटनगर रानी क्षेत्रको होटेलमा बसेका थिए। व्यवसायी फुयाँल भने गुद्री बजारमा रहेको एक होटेलमा बसेका थिए।

जोगबनीको बाटो हुँदै दिल्ली लैजान आउने भने पनि बिहान अबेरसम्म नआएपछि युवाहरूले फुयाँल बसेको होटेलमा आएर उनको खोजी गरेका थिए। खोजी गर्दा उनी कोठामा झुण्डिएको अवस्थामा फेला परेका थिए । घटनाबारे अनुसन्धान भइरहेको मोरङ प्रहरीले जनाएको छ।

## युद्धग्रस्त मुलुकमा नेपाली श्रमिक नपठाउन माग

**झापा, साउन १० ।** संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी) ले युद्धग्रस्त मुलुक इजरायल, अफगानिस्थान लगायतका देशमा नेपाली श्रमिक पठाउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णय तत्काल फिर्ता गर्न माग गेको छ।

केन्द्रका अध्यक्ष योगेन्द्रकुमार कुँवरले विज्ञप्ति जारी गर्दै नेपाली श्रमिकहरुलाई बैदेशिक रोजगारीमा पठाउने बहानामा युद्धग्रस्त मुलुक पठाउने निर्णय फिर्ता गर्नु पर्ने माग गरेका हुन्।

जारी विज्ञप्तिमा इजरायल, अफगानिस्थान लगायतका देशमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली श्रमिक पठाउने सहमति गरेको बिषय बिभिन्न सञ्चार माध्यममा आएको सूचनाप्रति जेटियुसीसी बैठकको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र नेपालस्थित इजरायली राजदूत हनन् गोडर गोल्डबर्गर बीच भएको भेटवार्तामा नेपाली केयर गिभरहरूको संख्या बढाउने सहमति भएको थियो।

रोजगारीको नाममा जानीजानी युद्धग्रस्त मुलुकमा श्रम स्वीकृती दिँदै श्रमिकहरुलाई पठाउनु मानवतामाथिको घोर अन्याय हो -विज्ञप्तिमा भनिएको छ।

इजरायल–प्यालेस्टाइन युद्धमा बन्धक बनाइएका निर्दोष नेपाली नागरिक विपीन जोशीको अवस्था सरकारले लामो

(बाँकी अन्तिम पृष्ठमा)

## अवैध लागूऔषधसहित बेवारिसे गाँजा बरामद

**झापा, साउन १०।** मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषधसहित एकजना पक्राउ परेका छन्।

खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम १ सय ९० मिलिग्राम, मोबाइल २ थान, नगद १० हजार रूपैयाँ र २ थान एटिएम कार्डसहित कमल गाउँपालिका-४ सीतापुरी बस्ने ४१ वर्षीय धनबहादुर लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो।

लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बा.५३ प १२४५ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

त्यस्तै सुनसरी, इनरूवा नगरपालिका-४ वीरेन्द्र टोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ७ ग्राम ४० मिलिग्राम, मोबाइल ४ थान, नगद १ लाख ५ सय रूपैयाँ सहित धनकुटा नगरपालिका-६ बस्ने ३० वर्षीय प्रितम राई समेत तीन जनालाई प्रहरीले

(बाँकी अन्तिम पृष्ठमा)

## पुरुषमा बढ्दैछ बाँझोपन

### २५ प्रतिशत विवाहित दम्पतीमा बाँझोपनको समस्या



**झापा, साउन १०।** पछिल्लो समय पुरुषमा बाँझोपनको समस्या बढेर गएको छ। नेपालमा विवाहित १० देखि १५ प्रतिशत दम्पती बाँझोपनबाट प्रभावित भइरहेको उपचारमा सम्लग्न चिकित्सकहरुले बतउँदै आएका छन्।

प्रसूति अस्पतालमा मात्रै गत वर्ष नि:सन्तान उपचार कक्षमा ८ हजारभन्दा धेरैले सेवा लिएका छन्। अन्य निसन्तान सेन्टरहरूमा त्यही अनुपातमा सेवा लिनेहरू छन्। बर्सेनि यो संख्या बढ्दो क्रममा रहेको बताइएको छ। बाँझोपनको बढ्दो समस्या नेपालमा मात्रै होइन, विश्वमै देखिएको चिकित्सकको भनाइ छ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले नै बाँझोपन विश्वव्यापी स्वास्थ्य चुनौतीका रूपमा रहेको उल्लेख गरेको छ। डब्ल्यूएचओको पछिल्लो अध्ययनले १७.५ प्रतिशत युवायुवतीमा बाँझोपनको समस्या रहेको देखाएको छ। अर्थात्, ६ जोडीमध्ये एक जोडीमा बाँझोपनको समस्या देखिन्छ। यो समस्या उच्च आय भएका देशमा झन् धेरै देखिएको छ। विश्वभरि नै शुक्रकीटको मात्रा खस्किरहेको र निसन्तानपनको प्रमुख कारण बन्दै गएको डा. श्रीप्रसाद अधिकारीको भनाइ छ।

**जोखिममा कस्ता मानिस ?**

नुवाकोटका सागर भण्डारी (परिवर्तित नाम) उमेरले ४० कट्दै थिए। उनको विवाह गरेको भने १५ वर्ष पूरा भएर १६ वर्ष लागेको थियो। यो १६ वर्षको दौरानमा उनले सन्तान सुखका लागि १० पटक आईभीएफ गराए। त्यो पनि पछिल्लो ६ वर्षमा। तर, सफल भने हुन सकेन। ११ औं पटक निसन्तान केन्द्रमा पुग्दा उनमा धेरै संवेदना थिएन। उनलाई केही कुराले पनि नछुने अवस्था भइसकेको थियो।

त्यसो त शुरुमा उनले आफूमा निसन्तानपन छ भनेर स्वीकार गरेकै थिएनन्। विवाह गरेको ८ वर्षसम्म पनि बच्चा भएनन्। परिवार समाज दुवैले उनकी श्रीमतीलाई प्रश्न गरे। उनले श्रीमतीको चेकजाँच पनि गराए। श्रीमतीमा

(बाँकी अन्तिम पृष्ठमा)

## विशिष्ट सदस्यमा भट्टराई



**झापा, साउन १० ।** बिर्तामोड उद्योग वाणिज्य संघको विशिष्ट सदस्यमा निर्मल भट्टराईलाई मनोनित गरिएको छ।

संघको विधान २०७३ को परिच्छेद ३ को दफा ६.१ को उपदफा घ मा व्यवस्था भए अनुसार संघको कार्यकारिणी समितिको बिशिष्ट सदस्यमा भट्टराईलाई मनोनयन गरिएको हो। विहीवार बसेको संघको कार्यसमितिको बैठकले निर्मल स्टोरका प्रोप्राइटरसमेत रहेका भट्टराईलाई वाणिज्य संघको विशिष्ट सदस्य पदमा मनोनित गरिएको संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए।

बिर्तामोडका युवा व्यवसायी भट्टराई नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष हुन्। उनी एभरेष्ट लार्ज कार्डमम इन्ड्रिष्टस्का अध्यक्ष समेत रहेका छन्। बिर्तामोड -५ निवासी भट्टराई विभिन्न सामाजिक संघ संस्थामा समेत क्रियाशील छन्। उनी लोकप्रिय युवा व्यवसायीका रुपमा परिचित छन्।

"प्राविधिक शिक्षा आजको आवश्यकता, प्राविधिक शिक्षा पढौं, स्वरोजगार बनौं"

ADMISSION OPEN

भर्ना खुल्यो !! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन स्वीकृत प्राप्त बिगत १९ वर्षदेखि उत्कृष्ट नतिजा ल्याउन सफल
श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय बिर्तामोड झापामा
शैक्षिक सत्र २०८१/०८२ का लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो !!

कार्यक्रमहरू | प्रि-डिप्लोमा तह

१) भेटेरिनरी, जे.टी.ए. - १८ महिने
२) कृषि जे.टी.ए. - १८ महिने
३) सिभिल सव ओभरसियर -१८ महिने



- शैक्षिक योग्यता SEE/SLC वा सो सरह
- फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गतेसम्म
- ग्रेड ए देखि सबै ग्रेडले फारम भर्न सक्नेछन् ।
- NG (not grading) आएका विद्यार्थीहरुले समेत फारम भर्न सक्नेछन्
- पूरक परीक्षामा सामेल विद्यार्थीले समेत फारम भर्न सक्नेछन् ।
- प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१ श्रावण ११ गते दिउँसो १:०० बजे

स्थान : नयाँ भद्रपुररोड, लिटल फ्लावर विद्यालयबाट २०० मि. दक्षिण बिर्तामोड नपा-४, झापा (dyfnLuf] k'j{sf]/ftf}/)
Email : institutesaptashree@gmail.com

सम्पर्क नम्बर : ९८२७९५३९६३ / ९८५२६७१००४ / ९८२४०६१२५९ / ९८५२६७३५७८ / ९८५२६७४७२० / ९८४२७५८०५० / ९८५२६७९८८७ / ९८६२७६९४७८ / ९८०६०३९३४४

श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय
बिर्तामोड न.पा. ०४, झापा

# बचत रकम फिर्ता गर्न सहकारीको अटेरी




**सुनसरी, साउन १०।** बचतकर्ताको रकम अपचलनको आरोप लगाउँदै विभिन्न सहकारी संस्थाविरुद्ध धनकुटा, सुनसरी र उदयपुरमा उजुरीको संख्या बढ्ने क्रममा छ।

सहकारी सञ्चालकहरूले बचत कर्ताको साँवा ब्याज फिर्ता गर्न अटेर गरिरहेका छन्। उजुरी बढे पनि सहकारी समस्या समाधानमा प्रशासन र स्थानीय तहले ठोस काम गर्न सकिरहेका छैनन्।

उदयपुरको गाईघाटमा सञ्चालित तुलसी सहकारी संस्था चार हजारभन्दा बढी बचतकर्ताको झण्डै २३ करोड रुपैयाँ ठगी गरी फरार भएको छ। गाईघाटमा ब्यावसायिक मार्ट खोलेर त्यसैको आडमा बचतकर्ताको रकम हिनामिना गरेको आरोप लागे पनि छानबिन र कारबाही नभएको बचतकर्ताको आरोप छ।

उदयपुरकै हिमालयन, साझा र जनजागृति बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक कार्यालयमा ताल्चा लगाएर बेपत्ता भएका छन्। सञ्चालक बेपत्ता भएपछि आफूहरू पीडित बनेको उदयपुरका बचतकर्ता गणेश राउतले बताए।

बचत रकम हिनामिना र अपचलनको आरोपमा सुनसरीको इटहरीमा सञ्चालित आधा दर्जन सहकारी संस्थाविरुद्ध उपमहानगरपालिकाको सहकारी शाखामा उजुरी परेको छ। उजुरीको क्रम बढे पनि सहकारी संस्थाका सञ्चालक कारबाहीको दायरामा आउन सकेका छैनन्। तर आफूहरूले कारबाही प्रक्रिया अघि बढाइसकेको इटहरी उपमहानगरपालिका सहकारी शाखा प्रमुख बालकुमार पोखरेलले दावी गरेका छन्।

धनकुटा नगरपालिकामा सञ्चालित विभिन्न बचत तथा ऋण सहकारी संस्था विरुद्ध करिब पाँच करोड रुपैयाँ वित्तीय अपचलनको आरोपमा उजुरी परेको छ।

बचतकर्ताहरूले आफ्नो रकम मासेको भन्दै सहकारी संस्थामाथि छानबिनका लागि दबाब बढाए पछि धनकुटा नगरपालिकाले सहकारी संस्थाका खराब ऋणी सदस्यहरूको तीनपुस्ते विवरण पेश गर्न सञ्चालक समितिलाई निर्देशन दिएको धनकुटा नगरपालिका आर्थिक विकास शाखा प्रमुख विकास अधिकारीले जानकारी दिएका छन्।

स्थानीय प्रशासन र स्थानीय तहमा रहेका सहकारी शाखामा ठगीका उजुरी लिएर पुग्ने बचतकर्ताको संख्या बढ्दो छ। तर बचतकर्ताको रकम फिर्ता गराउने तथा आरोप लागेका सहकारी संस्थामाथि छानबिन र कारबाही भने भएको छैन। सहकारी संस्थाका सञ्चालकहरू आफूले गरेको लगानी नउठ्दा सर्वसाधारणको बचत फिर्ता गर्न नसकिएको भनिरहेका छन्। खराब ऋणीका कारण आफूहरू परिबन्दमा परेको उनीहरूको तर्क छ।

बचतकर्ता सर्वसाधारणको रकम अपचनमा संलग्न सहकारी संस्थाका सञ्चालक माथि छानबिन र कारबाहीका लागि उठिरहेको आवाजबारे राज्यका नियामक संयन्त्र जानकार छन्। तैपनि सहकारी समस्या समाधानका लागि स्थानीय स्तरमा भइरहेको प्रयास फितलो देखिएको पीडितहरूको गुनासो छ।

# एउटै गाउँबाट १२ करोडभन्दा बढीको आलु निकासी



**झापा, साउन १० ।** सल्यानको बाफुखोलाका किसानले आलुखेतीबाट मनग्गे आम्दानी गर्न थालेका छन्। आलुखेती गरेरै जिल्लाको बागचौर नगरपालिका वडा नम्बर - ११ र १२ का किसानले बार्षिक करोडौं रकम भित्र्याउँदै आएका हुन्। यो वर्ष मात्रै बाफुखोलाबाट १२ करोड रुपैयाँ बढीको आलु बिक्री भएको छ।

बर्खे आलु उत्पादनको हबको रुपमा रहेको जिल्लाको बागचौर नगरपालिका वडा नं-११ र १२ बाफुखोलाबाट १२ करोड रुपैयाँ बढीको आलु किसानले बिक्री गरेका हुन्। बाफुखोलाका करिब ६ सय परिवारले विगतदेखि आलु उत्पादन गर्दै आएका छन्। यस क्षेत्रमा एक हजार हेक्टरभन्दा बढी जग्गामा आलु खेती गरिन्छ। वार्षिक पाँच लाख रुपैयाँसम्म आम्दानी हुँदै आइरहेको बाफुखोलाका ५० वर्षीय डिल्ली ओलीले बताए। घर खर्च चलाउन भारतको सिमलामा रोजगारी गर्दा पनि वर्षभरि छाक टार्न धौ-धौ हुन थालेपछि आफ्नै घर फर्किएर घर नजिकैको जग्गामा आलु खेती शुरु गरेको उनको भनाइ छ। गत वर्ष आलु बिक्री गरेर तीन लाख रुपैयाँ आम्दानी गरेका बाफुखोलाकै ४६ वर्षीय वीरसिंह ओलीले यो वर्ष चार लाख बढी आम्दानी भएको बताए। अहिले घर खर्च चलाउनका लागि आम्दानीको स्रोत खोज्दै भौंतारिनु पर्ने बाध्यता नभएको उनको भनाइ छ। आलु खरिदका लागि व्यापारी घरमै आउने भएकाले उत्पादित आलु बिक्री गर्न गाह्रो नभएको ओलीको भनाइ छ।

बागचौर नगरपालिका-१२ का अध्यक्ष टीकाराम ओली बर्खे आलु खेतीमा लागेपछि यहाँका किसानको जीवनस्तरमा उल्लेख्य सुधार आएको बताउँछन्।

जिल्लाको बाफुखोलासँगै शिवरथ, दार्मा, दमाचौर, लेखपोखरा लगायतका क्षेत्रमा आलु खेती गरिन्छ। जिल्लाबाट बर्खे र हिउँदे आलु गरी वार्षिक झण्डै ४० करोडको आलु उत्पादन हुने गरेको कृषि विकास कार्यालय सल्यानका प्रमुख रेशम कुमार बस्नेतले बताए।

# इञ्जिनियरको “प्रेम कहानी”

**काठमाडौं, साउन १०।** कविता, गीत तथा गजल लेखनमा सक्रिय रहेका इञ्जिनियर प्रमोद खतिवडाको रचनामा 'प्रेम कहानी' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ। नेपाल सरकारका निजामती सेवा अन्तर्गत सडक विभागमा कार्यरत् रहेका इञ्जिनियर खतिवडाले प्रेम वियोगलाई समेटेर 'प्रेम कहानी' बोल रचनाको पाँचौ गीतको भिडियो सार्वजनिक भएको हो।

चर्चित गायक तथा संगीतकार सबिन लिम्बूको स्वर तथा संगीत रहेको यो गीत एकोस्टिक नेपालको स्टुडियोमा रेकर्ड गरिएको छ। उक्त गीतको शब्दमा माया, प्रेमको तिर्सना, छटपटी र प्रेम वियोगलाई समेटिको छ।

एफोरए इन्टरटेनमेन्ट युट्युव च्यानलबा सार्वजनिक गरिएको उक्त म्युजिक भिडियोको निर्देशन तथा सम्पादन युवाराज खत्रीले र छायाँकन सुजन श्रेष्ठले गरेका छन्।

कलाकार मुक्ति उप्रेती र सीया क्षेत्रीको अभिनय रहेको म्युजिक भिडियोलाई बजारमा ल्याउन महत्वपूर्ण भूमिका आयुब केसीको रहेको गीतकार खतिवडाले बताएका छन्। आफ्नो अन्य गीतहरुको तुलनामा 'प्रेम कहानी' उत्कृष्ट बनेको गीतकार खतिवडाले बताए। आफ्नो रचनाहरुमध्ये उत्कृष्ट लागेको यो गीत सर्वाधिक रुचाइने दावी समेत गीतकार खतिवडाको छ।

स्मरण रहोस्, उत्कृष्ट कविता, गीत तथा गजल लेखनमा कृयाशिल गीतकार ई. खतिवडा हालै भएको निजामती कर्मचारी संगठनको गजल प्रतियोगितामा समेत दोस्रो भएका थिए।




## पुरुषमा...

निसन्तानपनको त्यस्तो कुनै समस्या देखिएन। त्यसपछि बल्ल उनी आफ्नो जाँच गराउन तयार भए। परीक्षणपछि उनमा शुक्रकीटको मात्रा कम भएको पुष्टि भयो। उनले तत्काल यो कुरा स्वीकार गर्न सकेनन्।

उनलाई केही समय डाक्टरी परामर्श दिनु पर्‍यो। श्रीमती र परिवारले सम्झाए। त्यसपछि बल्ल उनले आफूमा 'क्लाइनफेल्टर सिन्ड्रोम'को समस्या रहेको स्वीकार गरे। यति बेलासम्म उनीहरूको विवाह भएको १० वर्ष नाघिसकेको थियो। ११ औँपटक आईभीएफ गराएका उनले यसपटक पनि सफल नभए चित्त बुझाउने बताएका छन्। उनकी श्रीमती भने आफ्ना श्रीमानले आफूमा बाँझोपनको समस्या रहेको कुरा स्वीकार गरेकोमा शान्तिको सास फेरेको बताउँछिन्।

मकवानपुरका ३७ वर्षीय विकास तामाङ र ३० वर्षीया आइती तामाङ (परिवर्तित नाम)को विवाह भएको ५ वर्षसम्म सन्तान भएनन्। विवाहको ५ वर्षसम्म नातिनातिना खेलाउन नपाएको भन्दै आइतीलाई सासू-ससुराले दिनहुँ टोकसो गर्न थाले। छिमेकी र आफन्तले पनि उनकै कुरा काटे। जबकि उनका श्रीमानलाई यौन सम्पर्क राख्ने इच्छा नै हुँदैनथ्यो। श्रीमतीले श्रीमानमा रहेको समस्या परिवारलाई बताउन सकिनन्।

बरु विकास घरबाट सुटुक्क जाँचका लागि काठमाडौँ आए। चिकित्सकसँग जाँच गराउँदा पुरुषमा 'क्लाइनफेल्टर सिन्ड्रोम' अर्थात शुक्रकीट नै उत्पादन नहुने समस्या रहेको पुष्टि भयो। यो कुरा विकासको परिवारलाई त थाहा भयो तर आइतीलाई भने थाहै नदिई गाउँ फर्किए। आफूमा समस्या रहेको परिवार र आफन्तले पनि थाहा पाएपछि विकासमा बिस्तारै डिप्रेसनको संकेत देखिन थाल्यो। उनको परिवारले बुहारीलाई थाहै नदिई डोनर बैंक मार्फत शुक्रकीट ल्याएर पाठेघरमा राखिदिने र बच्चा जन्माउने योजना बनायो। २ वर्षअघि उनीहरू बुहारीलाई लिएर परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल आइपुगे। तर, डोनर बैंक मार्फत शुक्रकीट ल्याएर पाठेघरमा राखिदिने र बच्चा जन्माउने कुरासँग आइती अनविज्ञ थिइन्। चिकित्सकले महिलालाई थाहा नदिई कानूनी रूपमा सरकारी अस्पतालमा डोनर बैंकमार्फत शुक्रकीट राख्न नमिल्ने बताइदिए। त्यसपछि बल्ल उनले समस्या आफूमा नभएर श्रीमानमा रहेको थाहा पाइन्।

श्रीमतीले थाहा पाएपछि भने विकासले आफूमा समस्या रहेको स्वीकार गरे। अहिले उनीहरूबीच डोनर बैंकमार्फत शुक्रकीट ल्याएर बच्चा जन्माउने विषयमा छलफल त भइरहेको छ। तर, आइती मानसिक रूपमा यसका लागि तयार छैनन्। उनले श्रीमानले आफूमा रहेकाने समस्या स्वीकार गरेकाले परिवारमा अरुले हेर्ने नजर पनि परिवर्तन भएको र बाँच्न सहज भएकाले सन्तान नै चाहिन्छ भन्ने मान्यता पनि नरहेको बताएकी छिन्।

हुम्लाका ३० वर्षीय शिव विक र २४ वर्षीया तुला विक (नाम परिवर्तित)को पनि समस्या उस्तै छ। उनीहरूको विवाह गरेको ४ वर्ष बितिसक्दा पनि सन्तान सुख प्राप्त भएन। शिवले आफ्नी श्रीमतीमा कमजोरी रहेको ठाने। स्थानीय स्वास्थ्य संस्था धामीझाँक्रीकहाँ पुगे। तर सन्तान जन्मिएनन्। परिवारबाट अर्को विवाहको दबाब आउन थाल्यो।

तुलाले दोस्रो विवाह गर्नुअघि काठमाडौँमा गएर एकपटक राम्रोसँग स्वास्थ्य परीक्षण गरौँ भनेर अड्डी कसेपछि उनीहरू ६ महिनाअगाडि प्रसूति तथा स्त्रीरोग अस्पताल आइपुगे। विक दम्पतीको स्वास्थ्य परीक्षण भयो। समस्या शिवमा देखियो। उनमा शुक्रकीटको मात्रा कम रहेको पत्ता लाग्यो। शिवले भने डाक्टरको रिपोर्टमा विश्वास गरे। श्रीमतीलाई परीक्षण नै नगरी बोलेका कतिपय वचनलाई लिएर माफी मागे। उनीहरू अहिले आईभीएफबाट बच्चा जन्माउन आर्थिक जोहोमा लागेका छन्।

पुरुषमा रहेको निसन्तानपनलाई लिएर परिवारलाई स्वीकार गर्न अझै पनि गाह्रो रहेको प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. श्रीप्रसाद अधिकारी बताउँछन्। भन्छन्,- 'छोरामा समस्या हुँदा पनि समाजमा इज्जत तथा पौरुषत्वका लागि अझै पनि कतिपय ठाउँमा दोस्रो विवाह गराइदिने प्रचलन यथावत छ।' लामो समयदेखि निसन्तान दम्पतीलाई सन्तान सुख प्रदान गर्दै आएकी प्रजनन् विशेष डा. नेहा हुमागाईं पुरुषको समस्यालाई ढाकछोप गर्ने र बाँझोपन महिलाको मात्रै समस्या हो भन्ने भ्रमबाट समाज बिस्तारै बाहिर निस्कँदै गएको बताउँछिन्।

बाँझोपनाको लगभग आधाभन्दा धेरै समस्या पुरुषमा हुन्छ। बाँझोपनको समस्यामध्ये झण्डै ७५ प्रतिशत पुरुषमा हुन्छ। डा. नेहा भन्छिन्,- तर महिला बाँझोपनाको तुलनामा पुरुष बाँझोपनाको चर्चा कम हुने गर्छ। चर्चा भएसँगै पुरुषहरूले पनि बाँझोपनको समस्या स्वीकार गर्न थालेका छन्।

पछिल्ला केही वर्षयता बाँझोपनको समस्या ह्वात्तै बढेको उपचारमा संलग्न चिकित्सकहरू बताउँछन्। उनीहरूका अनुसार बढ्दो बाँझोपनको प्रमुख कारण ढिलो विवाह रहेको डा. नेहा हुमागाईंको भनाइ छ। 'पछिल्ला दिनमा ढिलो विवाह गर्ने प्रचलनले पनि प्रजनन् क्षमतामा कमी आउन थालेको छ। २० देखि ३० वर्षसम्म बच्चा जन्माउने उपयुक्त उमेर हो,- नेहा भन्छिन्, -तर, अहिले पहिला करिअर त्यसपछि विवाह भन्ने सोच विकास भइरहेको छ। जसले गर्दा युवायुवतीहरू ३०-३५ वर्षमा बल्ल विवाह गर्छन्। यसले गर्दा महिलामा अण्डाको गुणस्तरमा ह्रास आउने र अण्डाको उत्पादन नै कम हुँदै जान्छ।

धेरै तापक्रममा बस्ने पुरुषमा बाँझोपन देखिने डा. नेहाको भनाइ छ। उनको अनुभवमा खाडी मुलुकमा रोजगारीको लागि गएका पुरुषमा अहिले बाँझोपन प्रमुख समस्याको रूपमा देखिएको छ। उच्च तापक्रमका कारणले गर्दा अण्डकोषले वीर्य राम्रोसँग उत्पादन गर्न सक्दैन- डा. नेहा थप्छिन्,- शहरी क्षेत्रमा काम गर्ने ड्राइभर, कुक लगायत मानिसमा वीर्यको क्षमतामा ह्रास आएको छ।

केही वर्ष अगाडिसम्म १५ प्रतिशत विवाहित दम्पतीमा बाँझोपनको समस्या भएको अनुमान गरे पनि अहिले यो संख्या २५ प्रतिशतबाट उकालो लागेको डा. नेहाको भनाइ छ। नेपालमा अहिलेकै क्रममा विदेश जाने अवस्था रहिरहे बाँझोपनको भयावह अवस्था सिर्जना हुने डा. नेहाको दाबी छ।

## डीएसपी ...

सय १६ जना रहेको प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ।

**डीएसपी सहित ३१२ जना प्रहरी कारवाहीमा**

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले आर्थिक बर्ष २०८०/०८१ को एक वर्षमा एक जना प्रहरी नायब उपरीक्षक (डीएसपी)सहित तीन सय १२ जना प्रहरीलाई कारवाही गरेको जनाएको छ। कानून विपरीत कार्य गर्ने जो कोही पनि कारबाहीमा पर्ने भएकाले प्रहरीले पनि कानून उल्लंघन गरेकाले कारबाही गरिएको जनाएको छ।

कोशी प्रदेश प्रहरी कार्यालयले गत आर्थिक वर्ष ०८०/०८१ मा प्रहरी मर्यादा विपरीत र अवाञ्छित क्रियाकलाप गर्ने एक जना डीएसपी, दुई जना प्रहरी निरीक्षक, प्रबनानि २, प्रनानी ४, प्रसनि १९ ,प्रबह १५ ,प्रह ६४ ,प्रसह ५९, प्रज १४१ , प्रकास ५ गरी ३१२ जना प्रहरीहरुलाई कारवाही गरिएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक भीमबहादुर दाहालले जानकारी दिए।

कानून विपरीत गर्नेलाई कारबाही र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने गरिएको जनााइएको छ। सोही क्रममा तीन जना प्रहरी वरिष्ठ उपरीक्षकसहित दुई हजार एक सय ९३ जनालाई पुरस्कृत गरिएको प्रहरी वरिष्ठ उपरीक्षक दाहालले जानकारी दिए।

प्रहरी वरिष्ठ उपरीक्षक दाहालले कोशी प्रदेश प्रहरी कार्यालयले एक बर्षको अवधिमा गरेका सफल अनुसन्धान, अपराध नियन्त्रण तथा अनुसन्धान, विपद व्यवस्थापन, ट्राफिक व्यवस्थापन, सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत भएका सचेतनामुलक कार्यक्रम लगायत प्रहरीले गरेका नविनतम् कार्यहरुको विवरण प्रस्तुत गरेका थिए।

**मनसुनमा २२ जनाले ज्यान गुमाए**

कोशी प्रदेशका १४ जिल्लामा मनसुन शुरु भएसँगै २२ जनाले ज्यान गुमाइसकेका छन्। ३४ जना घाइते भ एभने दुई जना अझै बेपत्ता रहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। गत जेठ २२८ गतेदेखि हालसम्म चार सय ४४ स्थानमा बाढी र पहिरो जाँदा उक्त संख्यामा मानिसको मृत्यु भएको जनाइएको छ।

मनसुनकै कारण तीन सय ७१ घर प्रभावित भएका छन् भने नौ सय तीन परिवार विस्थापित भएका छन्। त्यस्तै ४९ परिवारलााई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ। उक्त समयमा दुई हजार छ सय १४ जना प्रहरी परिचालित भएका थिए।

## आठ...

सङ्खुवासभा, धनकुटा र भोजपुरमा चिराइतोको व्यावसायिक खेती हुँदै आएको छ। यसैगरी, सोही अवधिमा रु. एक करोड ६५ लाख २० हजारको ८३ मेट्रिक टन मजिठो, ९६ लाख ९४ हजारको एक सय ५१ मेट्रिक टन रिठ्ठा, रु. ११ लाख ३४ हजारको ११ मेट्रिक टन अमला, रु. १२ लाख मूल्य बराबरको २४ मेट्रिक टन चुत्रो निर्यात भएको छ।

## युद्धग्रस्त...

समयसम्म पत्ता लगाउन नसक्नु, रसिया–युक्रेन युद्धमा कैयन नेपालीको ज्यान जानु, रसियाबाट फर्कन चाहने नेपालीलाई नेपाल ल्याउन नसक्ने परिवेशमा नेपाली श्रमिकहरुलाई युद्धग्रस्त मूलूकमा पठाउने निर्णय अनुचित हुने बताइएको छ। उक्त निर्णय तत्काल फिर्ता गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयलाई संयुक्त ट्रेड युनियन समन्वय केन्द्र जोडदार माग गर्दछ- विज्ञप्तिमा भनिएको छ।

## अवैध...

पक्राउ गरेको छ। इनरूवा नगरपालिका-४ वीरेन्द्र टोल बस्ने अशोककुमार यादवको घरमा लागूऔषध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले यादवको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। साथै उनीहरूले प्रयोग गरेको बा.१३ च २८५५ नम्बरको स्कार्पियो गाडी समेत प्रहरीले बरामद गरेको छ।

त्यस्तै भारततर्फ लैजान लागेको १४५ केजी गाँजा प्रहरीले विराटनगरबाट बरामद गरेको छ। कोशी प्रदेश प्रहरी कार्यालयको अनुसन्धान ब्युरोले बिहीबार बिहान विराटनगर- ११ बुद्धविहार मार्गबाट बेवारिसे अवस्थामा रहेको १४५ केजी गाँजा बरामद गरेको हो।

बुद्धविहार मार्गमा रोकेर राखेको भारतीय नम्बरको गाडी चेकजाँच गर्दा पाँचवटा झोलामा राखेको गाँजा फेला परेको थियो। बरामद गाँजा कसले ओसारपसार गर्न लागेको हो भन्ने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

उता कैलालीको कैलारी गाउँपालिका-७ हुलाकी राजमार्गबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १ सय मिलिग्रामसहित सोही ठाउँ बस्ने २८ वर्षीय राजु चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। इप्रका रामपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। यसैगरी कञ्चनपुरको भीमदत्त नगरपालिका-१९ बागफाँटा दशरथ टोलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम ५ सय ५० मिलिग्रामसहित सोही ठाउँ बस्ने १६ वर्षीय किशोरसमेत दुई जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

# चार जनामा हैजा पुष्टि

**काठमाडौँ, साउन १०।** ललितपुरमा चार जनामा हैजाको सङ्क्रमण पुष्टि भएको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको परीक्षणमा हैजा पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखाका प्रमुख डा. मुकेश पौडेलले जानकारी दिए। .

हैजा पुष्टि भएका सबै युवा ललितपुरको गोदावरी नगरपालिका-१४ स्थित सुधार केन्द्रका हुन्। उनीहरुमध्ये दुई जना उपचारका क्रममा भागेका छन् भने अन्य दुई जनामध्ये एक जना शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र अर्को एक जनाको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ।

ललितपुर जनस्वास्थ्य कार्यालयका प्रमुख डा. भूवन पौडेलले सुधार केन्द्रमा रहेका युवामा एक्कासि झाडापखाला देखिएको र परीक्षण गराउँदा हैजा पुष्टि भएको जानकारी दिए। उनले झाडापखाला फैलिएको क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहको सहयोगमा सङ्क्रमण रोकथाम गरिएको बताए।

शाखाका प्रमुख डा. पौडेलले सुधार केन्द्रमा इनारको पानी प्रयोग गरिएको र उक्त पानी दुषित रहेको बताए। इनारको पानीमा दिसाको जीवाणु देखियो- उनले भने- त्यहीबाट हैजा फैलिएको हो।

भागेका दुई जनालाई हैजाको प्रारम्भिक उपचार गरेकाले उनीहरुबाट अन्यमा सर्ने सम्भावना कम भएको उनले बताए । उनले बर्खायामसँगै पानीजन्य रोग बढ्ने भएकोले पानी उमालेर खान अनुरोध गरेका छन्।


**होटल बिक्रीमा**

**बिर्तामोडस्थित चालू अवस्था रहेको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु- सम्पर्क गर्नुहोला।**

**सम्पर्क : ९८२३८६७१४९**

**बिमालेख हरायो**

**झापाको बुधबारेबाट शान्तिनगर जाने क्रममा यही मिति २०८१ असार ०२ गते मेरो निम्न व्यहोराको बिमाको सक्कल बीमालेख हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।**

**नाम** : सबिता दर्जी
**ठेगाना** : बुद्धशान्ति- ०६
**बिमालेख नं** : २०००१९१३९
**कम्पनी** : एल आईसी इन्स्योरेन्स कम्पनी लि.
**सम्पर्क** : ९८१६९५८४६२

**अधिकतम खुद्रा मूल्य (MRP) प्रकाशन सूचना**

**यस शक्ति मोटर्सले** NINGBO EASY WAY TECHNOLOGY CO. LTD. CHINA **बाट पैठारी गरी ल्याएको** E-Rickshaw Complete Set **को अधिकतम् खुद्रा मूल्य निम्नबमोजिम भएको व्यहोरा सबैको जनकारीकालागि प्रकाशन गरिएको छ।**

| S.N. | Particular | Brand | Model | Capactiy | Origin | Unit | Rate (NPR) |
|---|---|---|---|---|---|---|---|
| 1 | E- Rickshaw Complete set | SHAKTI | TYH01 | 1000W | China | Set | 145252 |

**विक्रेता : शक्ति मोटर्स**
**ठेगाना : मेचीनगर -१०, धुलावारी** **सम्पर्क मोबाइल ९८६०८४५२३७**

**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## असुरक्षित नेपाली आकाश

**नेपाली आकाश असुरक्षित रहेको बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल परिसरभित्रै भएको दुर्घटनाले देखाएको छ । चालक, दलका सदस्य र प्राविधिक लिएर पोखरा जान उडेको सौर्य एयरको विमान दुर्घटना हुँदा अठार जनाको दु:खद् निधन भयो । विमानस्थल परिसरमै दुर्घटना हुँदा समेत समयमा उद्धार गर्न नसक्दा विमान चालक बाहेकका सबैले मृत्युवरण गर्नुपर्‍यो । विमानका चालकलाई भने जीवितै उद्धार गरिएको र उनको अवस्था सामान्य रहेको बताइएको छ ।**

**अन्तर्राष्ट्रिय विमान स्थल परिसरभित्रै भएको दुर्घटनामा त समयमा उद्धार गर्न सकिएन भने विकट भू–बनोट भएका स्थानमा भएका दुर्घटनामा उद्धार गर्न सकिने कुरै भएन । त्यसै पनि नेपाली आकाश असुरक्षित रहेको अन्तर्राष्ट्रिय निकाय नागरिक उड्डयन प्राधिकरण (आइकाओ)ले प्रतिवेदनमा उल्लेख गरिसकेको छ । यस्तोमा हाम्रो सरकारले हवाइ दुर्घटनाका कारणहरुको पहिचान गरी न्यूनीकरणका लागि प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । तर, सरकार सत्ता बचाउने, हत्याउने र 'आफ्ना' मान्छेलाई अवसर र नियुक्ति दिने काममै व्यस्त रहँदा निरपराध मानिसले जीवन गुमाउनु परिरहेको छ भने वर्सेनि अर्बौं रुपैयाँ क्षति व्यहोर्नु परेको छ ।**

**सरकारकै गैरजिम्मेवार र असंवेदनशील व्यवहारका कारण सम्बद्ध पक्ष पनि उदासिन देखिएको छ । नत्र त पोखरामा गएर मर्मतसम्भार गर्नुपर्ने जहाज उडानका लागि योग्य छ/छैन नहेरी त्यति ठूलो संख्यामा मानव धन बोकेर उडान भर्न कसरी सम्भव हुन्थ्यो ? बर्सेनि जस्तै हवाई दुर्घटनाको भय व्यहोर्न बाध्य हामी नेपालीको नियति नै हो त ! प्रश्न पटक–पटक आउने गरेको छ । हाम्रो विकट भौगोलिक अवस्था, प्रतिकूल मौसम, आवश्यक सूचना, उपकरणको अभाव जस्ता कारणले विगतमा पनि ठूल्ठूला हवाई दुर्घटना भएका छन् । त्यसैगरी विमानको नियमित परीक्षण, मर्मत नगरिँदा, पुराना जहाजको प्रयोग, मानवीय त्रुटि तथा व्यवस्थापन र सरोकारी निकायको लापरबाहीले पनि कतिपय दुर्घटना भएका छन् ।**

**नेपाली आकाशमा भएको यो १५१औं दुर्घटना हो । विमान सेवा प्रारम्भ भएको सत्तरी वर्षमा धेरैले ज्यान गुमाइसकेका छन् । हवाई यात्रा आफैंमा जोखिमपूर्ण र संवेदनशील हुन्छ । छिट्टै पुग्न सकिने र स्थल यातायातको अभाव भएको ठाउँमा त यो निर्विकल्प माध्यम नै हो । त्यसैले यस क्षेत्रलाई सम्बन्धित निकायले नियमन गरेर सुरक्षित बनाउनु पर्दछ । होइन भने बाह्य पर्यटक भित्र्याउने नेपालको सपना पनि पूरा हुँदैन र नेपाल आउन खोज्ने विदेशीहरुले आफ्नो योजना बदल्न सक्छन् । यस्तो अवस्था हाम्रा लागि सुखद् हुँदैन । यसतर्फ सरकार सचेत र जिम्मेवार बनोस् ।**

## करेन्ट लागेर मृत्यु

**झापा, साउन १०।** कचनकवल गाउँपालिका-४ मा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही स्थानका १५ वर्षीय विशालकुमार साहको रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

घरको बरण्डामा रहेको टिनको छानोमा विद्युत प्रवाह हुँदा उनलाई करेन्ट लगेको थियो । उनलाई तत्काल उपचारको लागि प्राथमिक उपचार केन्द्र बनियानी लगे पनि उनको बाटोमै मृत्यु भइसकेको चिकित्सकले बताए ।

घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# विपत व्यवस्थापनमा पूर्व तयारीको भूमिका



नेत्रप्रसाद निरौला

नेपाल विपद्को दृष्टिकोणले विश्व कै संवेदनशील क्षेत्रमा पर्दछ । विश्वका करिब १९८ देशहरुसँग तुलना गरेर हेर्दा नेपाल समग्र दृष्टिकोणले १३औं स्थानमा पर्छ । नेपालको भौगर्भिक अवस्था तथा भौगोलिक अवस्थाका कारणले नेपाल विपद्को दृष्टिकोणले यति धेरै संवेदनशील क्षेत्रमा रहेको हो । उच्च हिमखण्डहरूदेखि लिएर तराइका समथर भू-भागहरु, नदी-नाला, ताल-तलैया, सिमसार, टार, भिरपाखा आदि अत्यन्तै विषम् प्रकारका भूबनोट रहेको कारणले नेपालमा धेरै यस्ता विपद्का सम्भावनाहरु बढी छन् । जलवायु परिवर्तन र भुकम्पिय जोखिममको दृष्टिकोणले त नेपाल अझै अगाडि छ । जलवायु परिवर्तनको कारण हुन सक्ने सम्भावित विपद्मा नेपाल चौथो नम्बरमा पर्छ र भूकम्पीय दृष्टिकोणले विश्वमै दशौं नम्बरमा पर्न आउँछ । यसरी वार्षिकरुपले विपद्ले पनि नेपालको ठूलो धनजनको क्षति पुगिरहेको छ ।

विकास निर्माणका कार्यहरुमा अवरोध पुऱ्याइरहेको छ । तथापि हाम्रो समाजमा विपद् व्यवस्थापनका बारेमा उतिसारो चर्चा हुँदैन मानौं विपद् व्यवस्थापन समाजको दोस्रो दर्जाको विषय हो । समाजमा राजनीतिका बारेमा यति धेरै चर्चा हुन्छ, टिकाटिप्पणी हुन्छ, सामाजिक सञ्जालहरुमा धेरै अन्य विषयहरुमा टिकाटिप्पणी हुन्छ । तर, विपद् व्यवस्थापनको बारेमा चर्चा गर्नु हेयको दृष्टिकोणले हेरिने गरिन्छ अथवा यस्ता विषयहरुको बारेमा समूहमा छलफल गर्न चाह्यो भने हिनताबोधको शिकार हुनुपर्ने अवस्था छ । स्थानीय हाम्रा गाउँघरहरूमा विभिन्न गैरसरकारी संघ-संगठन, संस्थाहरु छन् । तर, विपद् व्यवस्थापनका बारेमा गम्भीरतापूर्वक छलफलहरु भएको मैले अहिलेसम्म जानकारी पाएको छैन ।

विपद् व्यवस्थापनमा काम गर्ने केही कार्यालयहरुमा कर्मकाण्डीरुपमा केही काम गरिन्छ । तर, यस्ता झारो टार्ने काम कहिले पनि नतिजामुखी हुन सकेको छैन । नत्र भने वर्षौंदेखि यही समस्याले पिरोलिइरहेका हामी विपद्का समस्याहरु समाधान नहुनुमा दोषीको भन्ने कुरा हामीले कहिले खोज्ने चेष्टा नै गरेनौं र विपद्मा परेका आमनागरिकहरुलाई राहत वितरण गर्ने प्रणालीभन्दा माथि जानै सकेनौं । विपद् व्यवस्थापनमा केही अर्थमा सुरक्षा निकायको उपस्थिति र प्रयास सराहनीय छ । तर, यो व्यवहार विपद् व्यवस्थापनको एउटा पाटो मात्र हो, विपद् परेको तत्कालीन अवस्थामा खोज तथा उद्धार गर्नका लागि सुरक्षा निकायको प्रयोग गरिन्छ । तर, विपद् व्यवस्थापनका अरु धेरै पक्षहरु हुन्छन्, यसमा सुरक्षा निकायको कुनै संलग्नता हुँदैन ।

कसैले पनि आफूलाई विपतले छोएको छैन भने सधैंभरी ढुक्क भएर बस्नु हुँदैन । विपद् कसलाई कतिबेला हुन्छ भन्ने कुराको ज्ञान कसैलाई हुँदैन, नेपालीमा एउटा भनाइ छ- पल्ला घरको खोरको बाख्रा बाघले खायो भने आफ्ना बाख्राहरु सुरक्षित छन् भन्ने ठान्नु हुँदैन, भोलि आफ्नो पाली पनि आउन सक्छ । त्यसकारण कुनै एउटा समूहलाई अथवा व्यक्तिलाई विपद् पऱ्यो भनेर आफू ढुक्क भएर बस्न सक्ने अवस्था हुँदैन ।

विपद् व्यवस्थापन एउटा बृहत्तर क्षेत्र हो । यसले धेरै ठूलो क्षेत्रलाई समेट्छ, यसका थुप्रै आयामहरु हुन्छन् । यसका धेरै चरणहरू छन् । यसका बारेमा प्रष्ट हुनका लागि केहि समय लाग्न सक्छ । मैले यहाँ लेखमा तराई क्षेत्रमा अहिलेको सुख्खा महिनामा हुन सक्ने सम्भावित विपद् आगलागीका बारेमा कसरी हामी बच्न सक्छौं वा आगलागीबाट हामी सम्भावित धनजनको क्षतिलाई कसरी न्यूनीकरण गर्न सक्छौं भन्ने बारेमा छोटकरीमा बुँदा गत रुपमा चर्चा गर्न चाहन्छु ।

**सचेतना:** सर्वप्रथम हामीले विपद्का बारेमा बुझ्नलाई जरुरी छ । यसको असरलाई गम्भीरतापूर्वक बुझ्न जरुरी छ । जसले गर्दा हामीलाई यस्ता विपद्हरुको पूर्व तयारी गर्नको लागि सहज वा सजिलो हुन्छ । मैले माथि नै उल्लेख गरे अनुसार हरेक परिवार, टोल, वडाहरुमा बेला-बेलामा सम्भावित ठाउँमा हुन सक्ने विपद्का बारेमा छलफल गर्न आवश्यक छ । विगतमा पटक-पटक दोहोरिएका विपद्का बारेमा बेला-बेलामा, समय अनुसार छलफलहरु हुन जरुरी छ । यसले गर्दा सम्भावित विपद्का बारेमा धेरै कुराहरु अगाडि आउँछ, जानकारी हुन्छ । जसले गर्दा यस्ता विपद्हरूको समस्या समाधान गर्न पनि ठूलो सहयोग पुग्नेछ ।

कुनै पनि समस्याको समाधान गर्नको निमित्त त्यस विषयको जरादेखि नै जानकारी हुन जरुरी छ । उदाहरणका लागि अहिलेको सुख्खा समयमा तराइका

**पूर्व तयारी:** पूर्व तयारी विपद् व्यवस्थापनको एउटा महत्वपूर्ण अङ्ग हो । हरेक विपद्का लागि पूर्व तयारीले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । कुनै पनि प्रकारका विपद्हरु हुन सक्छ भन्ने हामीले सोचेर तयारीका साथ बस्न जरुरी छ । उदाहरणका लागि समय-समयमा मौसम परिवर्तन हुँदै गर्दा परिवारभित्र र छरछिमेक सँग, टोलभित्र, वडाभित्र बसेर विपद्का बारेमा छलफल गर्ने । सम्भावित विपद्हरु परी हालेको खण्डमा हाम्रा सवल पक्षहरु के-के हुन्, हाम्रा कमी-कमजोरीहरु कहाँ छन् भन्ने बारेमा तयारीका साथ बस्न जरुरी हुन्छ ।

त्यस्तै आगलागी कै कुरा गर्दाखेरी सम्बन्धित नगरपालिका वा गाउँपालिकामा रहेका वारुणयन्त्रको जुन आफूलाई पायक पर्छ, त्यसको फोन नम्बरहरु राख्न जरुरी छ । पायक पर्ने सुरक्षा निकायका फोन नम्बरहरु, एम्बुलेन्सका नम्बरहरु र आवश्यक पर्ने तत्सम्बन्धी विज्ञहरु हाम्रो नजिकमा भए यिनीहरूको फोन नम्बरहरु तयारीका साथ राख्नु जरुरी छ । यसरी पूर्व तयारीले क्षति न्यूनिकरणमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

एउटा लेखमा विपद् व्यवस्थापनका बारेमा धेरै




खाली यसको थोरै महत्त्वको बारेमा विषय प्रवेश गर्न मात्र खोजेको हुँ ।

भौगोलिक अवस्था र समय अनुसार विपद्हरु फरक हुन सक्छन्, उदाहरणका लागि बर्खायाममा बाढी, पहिरो डुबानको आदिको समस्या हुन सक्छ भने हिउँदमा शितलहर आदि जस्ता विपद्हरुले धनजनको क्षति गर्न सक्छन् । त्यसैगरी हिमाली भेग, पहाडी र तराईमा भेगमा हुन सक्ने सम्भावित विपदहरु पनि फरक छन् । सम्पूर्ण विपद् व्यवस्थापनका लागि केही एकीकृत विषय बाहेक फरक विपद्को फरक चरित्र हुने भएकोले व्यवस्थापनको पाटो पनि के फरक पर्छ । म आज यस भू-भागहरुमा आगलागिका समस्याहरू धेरै हुन सक्ने सम्भावना छ । त्यसकारणले आगलागीका बारेमा केही कुराहरु जान्न जरुरी छ । आगलागी भन्नाले आगोसँग सम्बन्धित भएकोले आगो कसरी बन्दछ र यसलाई नियन्त्रण गर्न के गर्न सकिन्छ भन्ने बारेमा जानकारी राख्न जरुरी हुन्छ । आगो बन्नको निमित्त तीन वटा तत्वहरूको आवश्यकता पर्दछ- ताप, सामग्री र हावा । यी तीन तत्वहरु मिले भने आगो निर्माण हुन्छ । त्यसैले कतै भइरहेको आगोलाइ नियन्त्रणमा लिनुपर्ने भए ती तीन मध्ये कुनै एउटालाई पूर्णरुपले बाहिर निकाल्न सक्नुपर्छ र आगो निभ्छ ।

कुराहरु अटाउन पक्कै सकिँदैन, हामीले यसका बारेमा चासो, सचेतना राख्नुपर्छ भन्ने कुरा शुरुवात गऱ्यौं भने मात्र पनि धेरै विपद् व्यवस्थापनको क्षेत्रमा एउटा ठूलो परिवर्तन हुन सक्छ । विपद् व्यवस्थापन सम्बन्धी छलफल गर्न आजबाट शुरु गरौं र हाम्रा कलिला भाइबहिनीहरुलाई पनि यसबारेमा छलफल गर्नुपर्छ भन्ने ज्ञान दिलाउन सकियो भने विपद् व्यवस्थापनको पहिलो खुड्किलो यो बन्न सक्छ र क्षति न्यूनीकरण गर्नलाई ठूलो सहयोग पुग्छ ।

(निरौला विपद् व्यवस्थापन तथा समकालीन राजनीतिका बारेमा कलम चलाउँछन् ।)

# बर्खायाममा कान किन धेरै पाक्छ ?



बर्खायाममा धेरै मानिसहरूमा कान पाक्ने समस्या हुन्छ । बर्खामा कान ओसिलो हुने हुनाले ढुसीको इन्फेक्सन अर्थात् सङ्क्रमण (ओटोमाइकोसिस) हुने समस्या हुन्छ । यो साझा समस्या हो । कानभित्र बढी ओस हुने भएकाले यसले ढुसीको इन्फेक्सनलाई बढावा दिन्छ । बर्खायाममा मानिसहरू धेरै खेतबारीमा काम गर्ने गर्दछन् । यो समयमा धेरै वर्षा समेत हुने हुँदा कानभित्र पानी छिर्ने समस्या हुने गर्दछ । यसका साथै गर्मी महिना भएकाले धेरै मानिसहरू पौडी खेल्न समेत विभिन्न पोखरी तथा स्विमिङ पुलमा जाने गर्दछन् । यो बाहेक पौडी खेल्न जाँदा कानभित्र पानी पसेर इन्फेक्सन हुने सम्भावना बढी हुन्छ । कानको जाली फुटेको रहेछ भने झन् इन्फेक्सन हुने सम्भावना बढी हुन्छ ।

पौडी खेल्न जाँदा, डाइभ हान्दा कानको जालीमा प्रेसर परेर जाली फुट्न सक्छ । बर्खाको समयमा धेरै कानका समस्याहरू आउने गरेका छन् । बच्चाहरूले ठूलो स्वरमा टिभी हेर्ने तथा बोलाएको नसुनेमा कानको समस्या भएको हुनसक्छ । यस्तो अवस्थामा कानको जाँच गर्नुपर्छ । पछिल्लो समय ग्राण्डी अस्पतालमा कानसँगै नाकका बिरामी समेत बढी मात्रामा आउने गरेका छन् । नाक बन्द हुने, हाच्छिउँ आउने, पिनासका कारण टाउको दुखेका बिरामीहरू यस अस्पतालमा आउने गरेका हुन् । घाँटीको एलर्जी, इन्फेक्सन भएका बिरामी पनि अस्पतालमा उत्तिकै मात्रामा आउँछन् ।

**कानको रोगका लक्षणहरू**

- कान चिलाउने
- कान अत्यधिक मात्रामा दुख्ने
- कान डम्म हुने
- कान भित्रबाट पिप वा पानी बग्ने समस्या

धेरैजसो मानिसले कान अत्यधिक मात्रामा चिलाउने, पाक्ने वा दुख्ने गऱ्यो भने नजिकको मेडिकलमा गएर औषधि किनेर हाल्ने वा तेल हाल्ने र कतिपय व्यक्तिले वडले कान कोट्याउने गरेको पाइन्छ । यसरी अनावश्यक रूपमा औषधि, तेल वा कान कोट्याउँदा कानभित्र रहेको कानको जाली फुट्ने समस्या हुन्छ ।

**उपचार विधि**

कान अत्यधिक मात्रामा चिलाउने, दुख्ने, डम्म हुने वा कानभित्र पिप तथा पानी बग्ने समस्या देखिएमा नजिकको चिकित्सककोमा गएर देखाउनुपर्ने हुन्छ । कतिपय अवस्थामा कानको जाली फुट्दा समेत कान दुख्न सक्छ । यस्तो अवस्थामा नाक, कान, घाँटी विशेषज्ञलाई देखाएर मात्र औषधिको प्रयोग गर्नुपर्छ ।

**यसबाट कसरी बच्ने ?**

- पौडी खेल्न जाँदा एअर प्लग लगाउने
- पौडी खेल्दा कान छोप्ने
- डाइभ भरसक नगर्ने
- पौडी खेल्दै गर्दा कान दुख्ने, चिलाउने भयो भने विशेषज्ञलाई देखाउने ।

कान दुख्ने समस्या देखियो भने कानेगुजी हटाउनुपर्छ भन्ने छैन । धेरै भएमा चिकित्सकको सल्लाह बमोजिम उचित ढङ्गले हटाउनुपर्छ । वडले कानेगुजी हटाउँदैन । वडको प्रयोग गर्दा उल्टो कानेगुजी कानभित्र पसेर कानको जालीलाई असर गरिरहेको हुन्छ । त्यसैले वडको प्रयोग नगर्नु राम्रो हुन्छ । कानले कानेगुजी आफैँ सफा हुने 'मेकानिज्म' बनाएको हुन्छ । कानले जति कानेगुजी चाहिने हो त्यो राखेर बाँकी कानेगुजी आफैँ फाल्छ । यस्तै कान पाक्ने समस्या सम्बन्धी आमजनमानसमा जनचेतना फैलाउन जरुरी रहेको छ ।

*(डा. आनन्द घिमिरे नाक, कान, घाँटी विशेषज्ञ तथा नाक, कान, घाँटी विभागको प्रमुख हुन् ।)*




धान खेती : सुनसरीको इनरुवा-२ मा किसानले रोपेर हुर्कंदै गरेको धान खेतीको हरियाली । तस्वीर : रासस

# डेंगीका बिरामी बढेपछि शय्या अभाव

**संखुवासभा, साउन १०।** संखुवासभास्थित जिल्ला अस्पताल खाँदबारीमा भाइरल ज्वरो र डेङ्गीका बिरामी बढेका छन् । असारको अन्तिम सातादेखि अस्पतालमा ज्वरो र डेङ्गीका बिरामी बढ्न थालेपछि शय्या अभाव हुन थालेको हो ।

साउनयता भाइरल ज्वरो र डेङ्गीका बिरामीको संख्या ह्वात्तै बढेपछि उपचार गर्ने शय्या अपुग हुन थालेको अस्पतालका सूचना अधिकारी शेखर खत्रीले जानकारी दिए । उनले शय्या नहुँदा अहिले बिरामीलाई भुइँमा राखेर उपचार गरिरहेको बताए ।

जिल्ला अस्पतालमा ज्वरोका बिरामीको संख्या अत्याधिक बढेकाले भुइँ, खाली स्थान र हलमा राखेर उपचार गरिरहेको अस्पताल प्रशासनले जनाएको छ । अहिले अस्पतलमा आउने अधिकांश बिरामी ज्वरो, डेङ्गी र स्क्रब



टाइफसका भेटिएका सूचना अधिकारी खत्रीले बताए । उनका अनुसार बैशाखयता स्क्रब टाइफसका एक सय ६० र डेङ्गीका २७ जना बिरामी भेटिएका छन् ।

गत आर्थिक वर्षमा एक हजार एक सय ४४ जनामा डेङ्गु, पाँच सय २० जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको थियो ।

भाइरल ज्वरोले टाउको दुख्ने, ज्वरो आउने, वान्ता हुने, वाकवाकी लाग्ने र रुघाखोकी लाग्ने जस्ता लक्षण देखिने चिकित्सक बताउँछन् ।

भाइरल ज्वरोले सङ्खुवासभाका सरकारी तथा निजी अस्पतालमा समेत बिरामीको संख्या वृद्धि हुँदै गएको छ । यो वर्ष जिल्लामा भाइरल ज्वरोको सङ्क्रमण अत्यधिक बढेको अस्पतालका सूचना अधिकारी खत्रीले बताए ।

वि.सं २०३३ मा निर्माण भएको अस्पताल अहिले ५० शय्यामा सञ्चालित छ । जिल्लाका १० स्थानीय तहकाका साथै छिमेकी जिल्ला भोजपुरका आधाभन्दा बढी भागका सेवाग्राही जिल्ला अस्पताल संखुवासभा उपचारका लागि आउने गरेको बताइएको छ ।

# रोपाइँ गर्न मेसिनको प्रयोग



**मोरङ, साउन १०।** मोरङको सुन्दरहरैचाको मृगौलियामा मेसिनले धान रोप्ने अभ्यास हुँदै थियो । युवा उद्यमी किसान शेखर निरौलाको जग्गा धान रोप्न तयार पारिएको थियो । यसअघि सुन्दरहरैचामा मेसिनबाट धान कतै पनि रोपिएको थिएन । त्यसैले स्थानीय सर्वसाधारण मेसिनले धान रोपेको दृष्य अवलोकन गर्न खेतमा पुगेका थिए ।

सुन्दरहरैचामा पहिलो पटक रोपाइँ गर्ने मेसिन भित्रीएको र मेसिनले खेतमा धान रोप्न थालेपछि स्थानीय सर्वसाधारण चकित बने । सुन्दरहरैंचा-२ का युवा उद्यमी निरौलाले यो धान रोप्ने मेसिन पहिलो भित्र्याएका हुन् । धान रोप्नका लागि मेसिनको प्रयोग हुने भएपछि किसानलाई धान रोप्ने मजदुर खोज्ने झन्झट हुँदैन । कम समयमै धेरै धान रोपिने भएकाले किसानले कुर्नु पर्दैन ।

मेसिनले धान रोप्दा मान्छे पनि थोरै लाग्ने र खर्च पनि कम प्रभावकारी हुने उनले बताए । सुन्दरहरैचा नगरपालिका कृषि शाखा अधिकृत सुदिप भण्डारीका अनुसार नगरभित्र पाँच हजार हेक्टर क्षेत्रमा धान खेती हुने भए पनि प्रमुख समस्या भनेको धान रोपाई गर्ने मान्छे नभेटिनु रहेको बताए ।

रोपाइँ गर्ने मान्छे नपाएर धेरै खेतीयोग्य जमिनहरु बाँजो हुने अवस्था आएको बेला धान रोप्ने मेसिन आउनु खुशीको कुरा भएको बताए । अहिले सफल परिक्षण भएको भन्दै आगामी बर्षहरुमा मेसिनले धान रोप्दा रोपाई गर्ने मानिसहरु खोज्नु नपर्ने भएकाले खेतीयोग्य जमिन बाँजो नहुने बताए । कृषि ज्ञान केन्द्र मोरङको निमित्त कार्यालय प्रमुख रामदेव सिंहले पनि धान रोप्ने मेसिनले प्रति घण्टा १० देखि १२ कट्ठामा रोपाई गर्ने हुँदा समय पनि बचत हुने र खर्च पनि कम लाग्ने बताए ।

ज्ञान केन्द्रले पनि चौबिसै घण्टा आफ्ना प्राविधिकहरु खटाएको निमित्त कार्यालय प्रमुख सिंहले बताए । पछिल्लो समय मोरङ लगायत कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा बीऊ लगाउने, धान रोप्ने, काट्ने, पराल मुठो पार्ने सबै काममा प्रविधिको प्रयोग गर्ने क्रम बढेको छ ।

# झापामा ९४० जनालाई रोजगारी

**भद्रपुर, साउन १०।** आर्थिक वर्ष २०८०/०८१ मा झापामा नौ सय ४० जनालाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत औसत ७८ दशमलव ६८ दिनको रोजगारी प्रदान गरिएको छ ।

अदक्ष श्रमिकलाई ७३ हजार नौ सय ६३ दिन रोजगारी दिइएको हो । भद्रपुर नगरपालिकाका रोजगार संयोजक टीकाराम पाण्डेका अनुसार जिल्लाका १५ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत रोजगारीको व्यवस्था भएको हो ।

जिल्लाभरका छ हजार दुई सय ५० जना सूचीकृत वेरोजगार भए पनि बजेट अभावले स्थानीय तहको प्राथमिकीकरण सूचीमा परेको व्यक्तिलाई मात्र रोजगारी दिइएको हो । रोजगारी प्राप्त नौ सय ४० श्रमिकले विभिन्न दुई सय ८६ आयोजनामा दैनिक छ सय ६८ रुपैयाँका दरले ज्याला प्राप्त गरेको रोजगार संयोजक पाण्डेले बताए ।

एक आर्थिक वर्षमा सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको र न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको व्यक्ति स्थानीय तहको वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आवेदन गर्न सक्ने प्रावधान छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना, नेपाल सरकारको स्रोत र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना, विश्व बैंकको ऋण सहयोगबाट स्थानीय तहमा आव २०७५/०७६ देखि रोजगारीको प्रबन्ध हुँदै आएको छ ।




# 'नम्बरी सुन'को ट्रेलर रिलिज



यही साउन २५ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'नम्बरी सुन'को ट्रेलर सार्वजनिक गरिएको छ । काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक लगभग तीन मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । दशकौंअघि गाउँ–गाउँमा पुगेर सुन बनाउने सुनार जातिको कथासँगै प्रेममा जातीय र वर्गीय विभेदले निम्त्याएको घटनालाई ट्रेलरमा देखाइएको छ ।

अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटाबीच बाल्यकालदेखि प्रेम बसेको छ । तर, गौरव सुन बनाउने सुनारका छोरा हुन् । आर्थिक हैसियत पनि राम्रो छैन । नम्रता भने सम्भ्रान्त र कथित माथिल्लो जातकी हुन् । बाल्यकालमा छुटिएका उनीहरू जब ठूलो भएपछि भेटिन्छन्, त्यसपछि उत्पन्न परिस्थितिमा ट्रेलर केन्द्रित छ । अभिनेता सरोज खनाल मुखियाको भूमिकामा देखिएका छन् ।

राजु गिरीको निर्देशनमा तयार भएको फिल्ममा गौरव, नम्रता र सरोजसहित राजाराम पौडेल, राजेन्द्र खड्गी, सविन बाँस्तोला, बुद्धि तामाङ, विनोद न्यौपाने, नारायण खाती, किरण नेपाली, गीता अधिकारी, अस्मिता न्यौपाने, राजेन्द्र गिरी, कंगना गिरी आदिको पनि अभिनय छ । कलाकार नारायण खाती स्वयम् प्रस्तुतकर्ता रहेको फिल्मको निर्माता सरोज खाती, सविन खाती र मनोज रिजाल हुन् ।

यसमा शिवम् अधिकारीको पटकथा तथा संवाद, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामिछानेको नृत्य निर्देशन, समीर मियाँको भीएफएक्स, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व तथा गौतमराज खड्काको सम्पादन छ । निर्माण पक्षले खल्ती एपबाट फिल्मको टिकट काट्ने पाँच जना र त्यसभन्दा बाहिरका सात जना दर्शकलाई 'सुन उपहार' दिने घोषणा समेत गरिसकेको छ ।

# विश्वकर्मा उत्कृष्ट प्रहरी

**झापा, साउन १०।** इलाका प्रहरी कार्यालय दमकमा कार्यरत प्रहरी निरीक्षक डम्बर विश्वकर्मा झापाको उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

उनलाई उत्कृष्ट काम गरेबापत जिल्ला प्रहरी कार्यालय झापाले असार महिनाको 'पुलिस अफ द मन्थ' घोषणा गरेको हो । प्रहरी निरीक्षक विश्वकर्माले २२ असारमा कमल गाउँपालिका-६ मा रुपेशकुमार सदाले मादकपदार्थ सेवन गरी खुकुरीले सुमित्रा ऋषिदेवलाई प्रहार गरी घाइते बनाएर फरार रहेका सदालाई सप्तरीबाट पक्राउ गर्न सफल भएका थिए ।

त्यस्तै, १८ वर्षीया युवतीलाई जबरजस्तीकरणी गरी फरार रहेका अभियुक्तलाई पक्राउ गर्न सफल भएको, २६ ग्राम लागूऔषध ब्राउनसुरसहित कारोबारी पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको भन्दै जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक मिलन केसीले उत्कृष्ट प्रहरी घोषित गरेका हुन् ।

त्यसैगरी मोटरसाइकल चोरीमा संलग्नलाई मोटरसाइकलसहित पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको भन्दै असार महिनाको उत्कृष्ट प्रहरी घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकमा कार्यरत प्रहरी निरीकक्ष विश्वकर्मा अनुसन्धानमा अब्बल मानिन्छन् ।

जिल्ला प्रहरी कार्यालय झापाले प्रत्येक महिना जिल्लामा उत्कृष्ट काम गर्ने, असल चालचलन र विभागीय मूल्य मान्यता र निर्देशनअनुसार काम गर्ने एक प्रहरीलाई उत्कृष्ट प्रहरी घोषणा गर्दै आएको छ ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६

विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## बिमालेख हरायो

बिर्तामोडबाट कचनकबल जाने क्रममा यही मिति २०८१/०२/२० गते मेरो निम्न व्यहोराको युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- कमललाल राजवंशी
**ठेगाना**:- कचनकबल गापा-७, झापा
**पोलेसी नं.**:- १०६००००१११
**कम्पनी नाम**: युनियन लाइफ इन्स्योरेन्स क. लि.
**सम्पर्क**: ९८०४९७६३०८

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२ ९८०१३६४०९३

## मोटरसाइकल हराएको सूचना

यही मिति २०८१ साल श्रावण ५ गते राति अर्जुनधारा-५ गिरीगाउँस्थित मेरो आफ्नै घर कम्पाउण्डभित्र पार्किङ्ग अवस्थामा रहेको कमलप्रसाद गिरीको अधिनमा रहेको आर यस ट्रेडर्स अटो प्रा.लि.को नाममा दर्ता कायम रहेको प्रदेश १-०१-०१७ प ४१४८ नम्बर भएको १५० SD स्पार्कले मिट ब्ल्याक ब्ल्यू (sparkle met Black BLUE) रंग २०२४ मोडल भएको पल्सर मोटरसाइकल च्यासि नं. MD2A11cX4 RPB56141 इन्जीन नम्बर DHXPRB 80 544 को मोटरसाइकल हराएको हुँदा देख्नु वा भेट्नु हुने महानुभावले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनु भएमा उचित पुरस्कार प्रदान गरिने जानकारीका साथ अनुरोध गर्दछु ।

निवेदक
नामः कमलप्रसाद गिरी
ठेगानाः अर्जुनधारा-५, गिरीगाउँ
सम्पर्क : ९८४२६३४०४०




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
तपाईको आजको दिन व्यापार-व्यवसायमा लाभदायक योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मन प्रशन्न रहला, धन लाभ हुनुका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आजको दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आज तपाईले क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला, व्यापार-व्यवसायमा पनि घाटा होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
व्यापार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।